आज मिति २०८१ कार्तिक ६ गते विहान ९:०० गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका का.वा.अध्यक्ष श्री जुना माया थापाज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

का.वा.अध्यक्ष :- श्री जुना माया थापा (का.वा.अध्यक्ष म. गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत वहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिंङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री मधु माया बगाले

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

अन्य उपस्थिति :

लेखा शाखा प्रमुख :- श्री मनी राना मगर

रोजगार शाखा प्रमुख :- श्री नन्दराज गुरुङ



Scanned with CamScanner

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**<u>मिति २०८१ कार्तिक ६ गते बसेको मर्स्याङ्दी गाउँपालिका गाउँकार्यपालिकाको बैठकको निर्णयहरु।</u>**

**<u>निर्णय नं. १ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।</u>**

आ.व. मिति २०८१ असोज १९ गते बसेको मर्स्याङ्दी गाउँपालिका गाउँकार्यपालिकको बैठकले गरेका महत्वपूर्ण निर्णयहरुको कार्यन्वयनको अवस्था र प्रगती बारे यस बैठकमा समिक्षा गरियो ।

**<u>निर्णय नं. २ उच्च अदालत पोखरामा परेको रीटको सम्बन्धमा।</u>**

(क) निवेदक हरिश्चन्द्र थापा (वडा अध्यक्ष, वडा नं. ९, सिमपानी)ले यस मर्स्याङ्दी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय भुलभुले, लमजुङ, मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङ र मर्स्याङ्दी गाउँपालिका गाउँ शिक्षा समिति समेतलाई बिपक्षी बनाई (०८१-WO-००५५/१५६) अन्तरिम आदेश सहितको उत्प्रेषण परमादेश लगायत आदेश जारी गरीपाउँ भनी मिति २०८१।०६।११ गते सम्मानित उच्च अदालत पोखरामा दिनु भएको रिट निवेदन उपर सम्मानित उच्च अदालत पोखराबाट मिति २०८१।०६।१४ मा जारी भएको १५ दिने सूचना म्याद मा. न्यायधिश श्री राजु कुमार खतिवडान्यूको आदेश र निवेदनको प्रतिलिपी साथ मिति २०८१।०७।०४ गते तामेल भएको र यसमा के कसो भएको हो? निवेदकको निवेदन माग वमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो? माग वमोजिमको आदेश गर्नु नपर्ने कुनै कानूनसम्मत आधार र कारण भए खुलाई आदेश सहितको सूचना प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ (प्रन्द्र) दिन भित्र आफै वा कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ तयार गरी पेश गर्नु पेर्ने र निवेदकले अन्तरिम आदेश समेत माग गरेको सन्दर्भमा दुवै पक्ष राखि अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा मिति २०८१।०७।१२ गते छलफलको लागि पेशी तोकिएकोले उक्त दिन यस मुद्दामा उपस्थित समेत हुनु पर्ने अवस्था भएकोले यसका लागि उक्त दुवै मुद्दामा उक्त पेशीको दिन मिति २०८१।०७।१२ गते छलफल हुने समयमा उपस्थित हुन, म्याद भित्र लिखित जवाफ लिई पेश गर्ने तथा उक्त मुद्दामा अन्य आवश्यक कामको लागि मर्स्याङ्दी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, गाउँपालिका अध्यक्ष र गाउँ शिक्षा समितिको तर्फबाट प्रतिनिधित्व गर्ने मर्स्याङ्दी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत जिल्ला पर्वत फलेवास नगरपालिका वडा नं. १०, कुर्धा निवासी श्री अर्जुन चपाईलाई तोकी पठाउने निर्णय गरियो ।

(ख) यस विषयमा उक्त मुद्दामा मर्स्याङ्दी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, गाउँपालिका अध्यक्ष र गाउँ शिक्षा समितिको तर्फबाट समयमै लिखित जवाफ तयार गर्ने र आवश्यक समयमा आदालतमा वहश पैरवी तथा अन्य आवश्यक कार्य समेत गर्नका लागि वरिष्ठ अधिवक्ता सुरेन्द्र थापा मगरलाई तोक्ने र निजलाई सो वापत तोकिए बमोजिको पारिश्रमिक गाउँपालिकाले उपलब्ध गराउने निर्णय गरियो ।

जुना माया थापा
उपाध्यक्ष

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner